९६३६/१३४६

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६६६/२०७२/०७३

**निर्णय नं. १३४९**

जिल्ला मोरङ, उर्लाबारी गा. वि. स.-८ स्थायी ठेगाना भई हाल महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचल, काठमाडौंमा अध्ययनरत रीता भट्टराई ........................................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं .........................१ विपक्षी

सूचना अधिकारी, त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं .........................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला मोरङ, उर्लाबारी गा. वि. स.-८ स्थायी ठेगाना भई हाल महेन्द्ररत्न बहुमुखी क्याम्पस ताहाचल, काठमाडौंमा अध्ययनरत रीता भट्टराईले त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०३।०३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खु, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

## तपसिल

१. त्रि. वि. परीक्षा नियन्त्रकको कार्यालय, बल्खुद्वारा २०७२।११।०२ गते प्रकाशित परीक्षाफलमा चित्त नबुझी पुनर्योगको लागि निवेदन गरेकोमा त्यसको नतिजा कहिले प्रकाशन भयो ? सो नतिजाको प्रमाणित प्रतिलिपि । यदि सो नतिजा प्रकाशन भइसकेको छैन भने के कति कारणले नतिजा प्रकाशन नभएको हो ? र कहिलेसम्ममा सो नतिजा प्रकाशित हुन्छ ? भन्ने व्यहोराको प्रमाणित प्रतिलिपि ।

२. वि. एड. चौथो वर्ष २०७२ सालको सि. नं. २९१२०२ भएको पाठ्यक्रम तथा मूल्याङ्कन (कोड नं. ज्ञ ३१४) विषयको उत्तरपुस्तिकाको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बास्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल असार २८ गते रोज १ शुभम् ।